# विस्तृत शान्ति सम्झौताका बाह्र वर्ष: मानव अधिकार अवस्था

## संक्षिप्त प्रतिवेदन

२०७५ मङ्सिर ५

राष्ट्रिय मानव अधिकार आयोग

**हरिहरभवन, ललितपुर**

## १. पृष्ठभूमि

नेपालमा २०५२ साल फागुन २ गते शुरू भएको सशस्त्र द्वन्द्व २०६३ मङ्सिर ५ गते तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (माओवादी) र तत्कालीन नेपाल सरकारबीच विस्तृत शान्ति-सम्झौता भई अन्त्य भएको थियो । विस्तृत शान्ति-सम्झौता पूर्व दश वर्षसम्म चलेको सशस्त्र द्वन्द्वको कारण हत्या, बलपूर्वक वेपत्ता, अपहरण, यातना अमानवीय एवं अपमानजनक व्यवहार, यौन दुर्व्यवहार, दुर्व्यवहार, अङ्गभङ्ग, धम्की, बलपूर्वक विस्थापन, सम्पत्ति कब्जा तथा नष्ट, बालबालिकालाई सशस्त्र द्वन्द्वमा सहभागी गराउने, व्यक्तिलाई इच्छा विपरित सशस्त्र द्वन्द्वमा संलग्न गराउने जस्ता गम्भीर मानव अधिकार हनन् तथा ज्यादतीका घटनाहरू भएका थिए ।[१]

यस ऐतिहासिक सम्झौताले सशस्त्र द्वन्द्वको विधिवत अन्त्य भएको घोषणा गर्दै राज्यको पुर्नसंरचना, सेना समायोजन, आर्थिक, सामाजिक तथा साँस्कृतिक सवालहरूको सम्बोधन, विस्थापितहरूको पुनःस्थापना, द्वन्द्व पीडितहरूको न्याय र परिपूरणको कार्यभारलाई पूरा गर्ने जिम्मेवारी सम्झौतापत्रका हस्ताक्षरकर्ताहरू राज्य र विद्रोही दुवै पक्षलाई दिएको थियो । सोही सम्झौतापत्रले यस आयोगलाई कार्यान्वयनको अनुगमनको कार्यादेश पनि दिएको थियो । सोही कार्यादेश बमोजिम आयोगले मानव अधिकारको दृष्किोणबाट अनुगमनलाई निरन्तरता दिँदै आएको छ ।[२]

संविधान-सभाबाट २०७२ असोज ३ गते नेपालको संविधान जारी भई सङ्घीय तथा प्रदेश संसद र स्थानीय तह समेतको निर्वाचन सम्पन्न भएको बदलिदो संबैधानिक तथा राजनीतिक व्यवस्थाको परिदृश्यमा विस्तृत शान्ति सम्झौताको राजनीतिक कार्यभार पूरा भएको मान्न सकिन्छ । नेपालले दण्डहीनता अन्त्यका लागि मानव अधिकारको विश्वब्यापी घोषणा पत्र, १९४८; नागरिक तथा राजनीतिक अधिकासम्बन्धी अनुबन्ध, १९६६ लगायत अन्तर्राष्ट्रिय मानव अधिकार तथा मानवीय कानुनका प्रतिबद्धताहरू पूर्णरूपमा कार्यान्वयन गर्नुपर्दछ । राज्य यसका लागि जवाफदेही पनि रहेको हुन्छ । त्यसैले न्यायको सम्बोधन र दण्डहीनताको अन्त्यका लागि महत्वपूर्ण जिम्मेवारीको रूपमा रहेको द्वन्द्वपीडितहरूको न्याय तथा परिपूरणको सवाल प्रभावकारी रूपमा सम्बोधन हुन विलम्व भइरहेको अनुभूति सबै पक्षले गर्दै आएको अवस्था छ । यस सन्दर्भमा बिद्यमान समस्या तथा अवस्थामा पूर्णरूपमा सुधार नहुँदासम्म मानव अधिकारका उल्लेखित बिषयहरू निरपेक्ष रहन सक्ने अवस्था देखिँदैन । यस आवश्यकतालाई महशुस गर्दै विस्तृत शान्ति सम्झौता सम्पन्न भएको बाह्र वर्ष पूरा भएको सन्दर्भमा आयोगले मानव अधिकार अवस्थाको बारेमा गरेको अनुगमन एवं आयोगमा दर्ता भएका उजुरीमाथिको अनुसन्धानबाट प्राप्त तथ्यहरू र समय-समयमा नेपाल सरकारलाई गरेका सिफारिश कार्यान्वयनको अवस्थाको आधारमा यो संक्षिप्त प्रतिवेदन तयार गरिएको हो ।

## २. विस्तृत शान्ति सम्झौताका प्रमुख व्यवस्थाहरू

विस्तृत शान्ति सम्झौताले राजनीतिक, आर्थिक तथा सामाजिक रूपान्तरण मार्फत सशस्त्र द्वन्द्वलाई सकारात्मक रूपमा व्यवस्थापन गर्नका लागि नीतिगत व्यवस्था गरी विभिन्न कार्यक्रमहरूको तर्जुमा गर्न दिशा निर्दिष्ट गरेको छ । तत्कालीन शाही नेपाली सेना र माओवादी लडाकुहरूको व्यवस्थापन, युद्धविरामको घोषणा तथा सशस्त्र युद्धको अन्त्य, मानव अधिकारको अवस्थामा सुधार गर्न र सङ्क्रमणकालीन अवस्थालाई सामान्यकृत गर्नका लागि अल्पकालीन र दीर्घकालीन सवालहरूलाई विस्तृत शान्ति सम्झौतामा स्थान दिइएको छ । जसमा शान्ति सम्झौताका दुवै पक्षले आफ्नो नियन्त्रण वा थुनामा रहेका व्यक्तिहरूलाई १५ दिन भित्र सार्वजनिक गरी मुक्त गर्ने, वेपत्ता पारिएका भनिएका व्यक्तिहरू र मृत्यु भएकाहरूको वास्तविक नाम सहितको विवरण विस्तृत शान्ति सम्झौता भएको ६० दिन भित्र सार्वजनिक गर्ने ब्यवस्था गरिएको थियो । साथै दुवै पक्षले मानव अधिकार, मौलिक हक र मानवीय कानुनको पूर्णरूपमा पालना गर्ने, जीवनको अधिकार, नागरिक तथा राजनीतिक

---

[१] राष्ट्रिय मानव अधिकार आयोगले सशस्त्र द्वन्द्व र बिस्तृत शान्ति सम्झौताको अवस्था अनुगमनका क्रममा विभिन्न मितिमा गरेका अनुगमन प्रतिवेदन

[२] विस्तृत शान्ति सम्झौता

स्वतन्त्रता, सामाजिक तथा आर्थिक अधिकार, महिला र बालबालिको अधिकार, स्वतन्त्रताको अधिकारको पूर्ण सम्मान गर्ने प्रतिवद्धता पनि जनाएका थिए ।

विस्तृत शान्ति सम्झौतमा हस्ताक्षरकर्ता राज्य पक्ष र तत्कालीन विद्रोही पक्षका दायित्व र जिम्मेवारीको प्रष्ट व्यवस्था गरी सम्झौताको पूर्ण कार्यान्वयनकालागि सङ्क्रमणकालीन न्याय र परिपूरण तथा विवाद समाधान, मेलमिलाप र पुर्नस्थापना गर्ने विभिन्न संयन्त्रहरूको पनि व्यवस्था गरिएका थिए ।

## ४. विस्तृत शान्ति सम्झौताका सकारात्मक परिणामहरू

बिस्तृत शान्ति सम्झौता पश्चात दश बर्षे सशस्त्र द्वन्द्वको अन्त्य भई सशस्त्र द्वन्द्वको कारण भईरहेका मानवअधिकारको उलङ्घन तथा ज्यादतीका अधिकाँश घटनाहरूमा कमी आएको, सशस्त्र द्वन्द्वका पीडितहरू लक्षित बिस्तृत शान्ति सम्झौताको नीतिगत व्यवस्थाले मानव अधिकार संरक्षण र सम्बर्द्धनको क्षेत्रमा सकारात्मक सङ्केतहरू देखा परेका छन् ।

विस्तृत शान्ति सम्झौता पश्चात शान्ति सम्झौतले सुम्पेका अधिकांश जिम्मेवारी तथा कार्यभारहरू सम्पन्न भएका छन । राज्यको पुर्नसंरचना गरी राज्य संचालनको संयन्त्रमा सबै नेपाली नागरिकहरूको पहुँचको सुनिश्चितता गर्ने प्रतिवद्धता स्वरूप संविधान-सभा मार्फत जारी संविधानले संघीय शासन व्यवस्था स्थापना गरेको छ । संविधानले मौलिक हकको दायरा फराकिलो बनाएको छ । समानुपातिक समावेशीको सिद्धान्तलाई अंगिकार गर्दै राज्यको मूल नेतृत्व, नीति निर्माणदेखि कार्यान्वनय तहसम्म समावेशी हुने व्यवस्था गरेको छ । सेना समायोजन भई ने.क.पा. (माओवादी) का लडाकुहरूको समायोजन र हतियार व्यवस्थापनका कामहरू सम्पन्न भएका छन् । अधिकाँश विस्थापितहरू आफ्नो साविकको बासस्थानमा पुनःस्थापित भएका छन् । सङ्क्रमणाकालीन न्यायलाई सम्बोधन गर्न सङ्क्रमणकालीन न्यायका संयन्त्रहरू, सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग २०७१ माघ २७ गते गठन भई दुवै आयोगहरूले उजुरी ग्रहणगरी अनुसन्धान प्रक्रिया अगाडी बढेको छ ।

राज्यको पुर्नसंरचना गर्ने महत्वपूर्ण कार्यभार अन्तर्गत संघीय संसद, प्रदेश संसद र स्थानीय तहका निर्वाचन सम्पन्न भएका छन् । संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारहरूले आफ्ना कार्यहरू अगाडि बढाएका छन । मानव अधिकारका विषयहरू नागरिक तथा राजनीतिक अधिकार सरह आर्थिक तथा सामाजिक अधिकारका विषयहरूले पनि मौलिक हकको रूपमा स्थान प्राप्त गरेका छन् । खाद्य सम्प्रभूता तथा उपभोक्ताको अधिकार एवं अपराध पीडितको अधिकार लगायतका महत्वपूर्ण अधिकारहरूले मौलिक हकको मान्यता पाएका छन् । दलित, मधेशी, थारू, मुस्लीम, आदिवासी जनजाति, कमैया, हलिया, कमलरी, हरवा-चरवा, यौनिक तथा लैङ्गिक अल्पसंख्यकजस्ता सीमान्तकृत समूहका अधिकार संरक्षणको विषयमा सकारात्मक पहलहरू भएका छन् ।

शान्ति-सम्झौतामा व्यवस्था गरिएका मानव अधिकारका संरक्षण तथा कार्यान्वयनका लागि नीतिगत तथा योजनाबद्ध कार्यहरूको थालनी भएको छ । जसका लागि नेपालको संविधानमा व्यवस्था गरिएका मौलिक हकहरूको प्रचलन तथा कार्यान्वयनका लागि विभिन्न कानूनहरू जारी गरिएका छन् । मानव अधिकारको संरक्षणसम्बन्धी राज्यको दायित्व कार्यान्वयन गर्ने सन्दर्भमा २०७५ भदौ १ गते देखि मुलुकी अपराध संहिता र मुलुकी देवानी संहिता कार्यान्वयनमा आएका छन् । नेपालको संविधानले बालबालिकालाई सैनिकमा भर्ना गर्ने वा सैन्य सम्बन्धी कार्यमा संलग्न गराउने कार्यलाई प्रतिबन्ध लगाएको छ ।

सम्झौताको १२ बर्षे अवधिमा जमिनमुनि बिछ्याइएका विस्फोटक पदार्थहरू निष्कृय पार्ने कार्यहरू भएका छन । विस्थापितहरूको पुनःर्स्थापना तथा सशस्त्र द्वन्द्वको क्रममा कब्जा गरिएका घरजग्गाहरू अधिकाँश रूपमा फिर्ता गर्ने कार्य भएका छन् । सशस्त्र द्वन्द्वका कारण नष्ट भएका सरकारी संरचनाहरूको पुननिर्माण गर्ने कार्य उल्लेख्य रूपमा अगाडी बढेको छ । अधिकांश द्वन्द्व पीडितहरूले अन्तरिम राहत प्राप्त गरेका छन् भने मृतक परिवाहरूले

नेपाल सरकारको प्रतिवद्धता बमोजिम रू.१० लाख राहत रकम प्राप्त गरेका छन । यस ऐतिहासिक सम्झौताको कार्यान्वयन अवस्थाको मुल्याङ्कन गर्दा द्वन्द्व पीडितहरूको पूर्ण न्याय प्राप्तिको पाटो बाहेक अन्य कार्यभारहरू सम्पन्न भएको मान्न सकिन्छ ।

## ५. शान्ति सम्झौतामा मानव अधिकारसम्बन्धी व्यवस्था र कार्यान्वयन

विस्तृत शान्ति सम्झौतामा उल्लेख गरिएका मानव अधिकारसम्बन्धी व्यवस्थाहरूको कार्यान्वयनमा सुधारगरी सङ्क्रमणकालीन न्यायको सम्बोधन गर्ने मुख्य कार्यभार पूरा गर्दै सङ्क्रमणकालीन न्याय र द्वन्द्वपीडितहरूका समस्याहरू पूर्णरूपमा सम्बोधन हुन नसकेको अनुभव स्वयं पीडितहरू र सरोकारवालाबाट व्यक्त भएको आयोगको अनुगमनबाट देखिएको छ । जसलाई निम्न बमोजिम उल्लेख गरिएको छ :-

### क) सङ्क्रमणकालीन न्याय

विस्तृत शान्ति सम्झौताको दफा ५.२.५ मा सशस्त्र द्वन्द्वको क्रममा मानव अधिकारको गम्भीर उल्लङ्घन गर्ने तथा मानवता विरूद्धको अपराधमा संलग्न व्यक्तिहरूको बारेमा सत्य अन्वेषण गर्न र समाजमा मेलमिलापको वातावरण निर्माण गर्न आपसी सहमतिबाट उच्चस्तरीय आयोगको गठन गर्ने कुरा उल्लेख छ । यसैगरी नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३३ मा सशस्त्र द्वन्द्वको क्रममा वेपत्ता पारिएका व्यक्तिहरूको सम्बन्धमा गठित छानविन आयोगको प्रतिवेदनले आधारमा पीडित परिवारहरूको पहिचान तथा उनिहरूलाई राहत उपलव्ध गराउने कुरा उल्लेख थियो । उल्लिखित अवस्थामा हाल वेपत्ता पारिएका व्यक्तिहरूको छानविन आयोगकोमा ३१९७ उजुरीहरू दर्ता हुन आएको बुझिएको छ । उक्त आयोगले ५५ जिल्लामा उजुरी अनुसन्धान गरिरहँदा बेपत्ता पारिएको भनी परेका मध्ये १२ जना सकुशल आफनै घरमा भेटिएको, १६८३ उजुरीहरूमा विस्तृत छानविन भइसकेको र अन्य उजूरीहरूमा पनि कारवाही शुरू भइसकेको जनाएको छ । राष्ट्रिय मानव अधिकार आयोगमा परेका उजुरीहरू मध्ये ८४२ जनाको अवस्था हालसम्म पनि सार्वजनिक हुन सकेको छैन । अन्तर्राष्ट्रिय रेडक्रस संस्थाले १३३३ जना व्यक्ति बेपत्ताको सूचिमा रहेको उल्लेख गरेको छ ।  सत्य निरूपण तथा मेलमिलाप आयोगमा पनि ६३ हजार भन्दा बढी उजुरीहरू दर्ता भएको, सात वटै प्रदेशमा मुकाम खडागरी अनुसन्धान कार्य प्रारम्भ गरेको बुझिएको छ ।

तर पनि द्वन्द्व पीडितहरूको परिपूण र आर्थिक तथा समाजिक पुनस्थापनाले अझै गति लिन सकेको छैन, नेपाल सरकारले १५३० जना बेपत्ता पारिएका व्यक्तिका हकदारलाई राहत उपलब्ध गराए तापनि लामो समयसम्म आफन्तहरूको अवस्थाको यथार्थ जानकारी पाउन नसक्दा बेपत्ता पारिएका परिवारले गम्भीर पीडा व्यहोरिरहनु परेको अवस्था छ ।

राष्ट्रिय मानव अधिकार आयोग, सर्वोच्च अदालत, संयुक्त राष्ट्रसङ्घीय मानव अधिकार उच्चायुक्तको कार्यालय तथा द्वन्द्व पीडितहरू समेतले बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ का दफा २६ मा रहेको क्षमादान सम्बन्धी र दफा २२ मा गरिएको मेलमिलापमा पीडितको सहमति अनिवार्य नगरिएको लगायतका व्यवस्थाहरू अन्तर्राष्ट्रिय मापदण्ड अनुकुल बनाउन भन्दै आएको सुझाव लागू हुन सकेको छैन । वलपूर्वक बेपता र यातनालाई अपराध घोषणा गरी यातना र  बलात्कारजस्ता घटनामा उजूर गर्ने सम्बन्धी विद्यमान कानुनमा रहेका हदम्यादसम्बन्धी व्यवस्थाबाट दोषीले उन्मुक्ति पाउन सक्ने व्यवस्थाहरू अन्तर्राष्ट्रिय मापदण्ड बमोजिम हुन सकेको छैन । यस सम्बन्धमा आयोगले नेपाल सरकारलाई गराएको ध्यानाकर्षण हालसम्म कार्यान्वयन हुन नसकेको अवस्था छ ।

यातनालाई अपराधीकरण गर्ने सम्वन्धमा नेपालको संविधानको मौलिक हक र वलपूर्वक बेपत्ता गर्ने कार्यलाई मुलुकी फौजदारी अपराध (संहिता) ऐन, २०७५ ले व्यवस्था गरेको भएपनि ती व्यवस्थाले भविष्यमा घटन सक्ने घटनाहरूलाई मात्र सम्बोधन गर्ने भएकोले विगतको सशस्त्र द्वन्द्वको समयमा भएका मानवता बिरूद्धका अपराधहरू र गम्भीर मानव अधिकार उलङ्घन तथा नियन्त्रणमा लिएर वा गैरन्यायिक

तवरबाट गरिएका हत्याका घटनाहरूलाई सम्बोधन गर्नका लागि वेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ मा नै सुधार तथा संशोधन हुनुपर्दछ। सो अवस्था नहुँदासम्म विस्तृत शान्ति संझौताले निर्देश गरेबमोजिम द्वन्द्व पीडितहरूको न्याय तथा परिपूरण प्राप्तिको विषय जटिल बन्न सक्ने देखिन्छ ।

## ख) द्वन्द्व पीडितहरूको आर्थिक, समाजिक र सांस्कृतिक अधिकारको अवस्था

द्वन्द्वको क्रममा बलपूर्बक बेपत्ता पारिएका ब्यक्तिहरूको अवस्था सार्वजनिक हुन नसक्दा आफन्तहरूले आर्थिक, सामाजिक तथा साँसकृतिक अधिकार प्रचलन गर्न अवरोध व्यहोरिरहेका छन् । कतिपय बेपत्ता ब्यक्तिहरूको नाममा भएको अचल सम्पत्ति हकवालाका नाममा नामसारी हुनसकेको छैन । उनीहरूको अवस्था समेत पत्ता लाग्न सकेको छैन । द्वन्द्वपीडित महिला तथा बालबालिकाका लागि सीपमुलक, तालिम र शसक्तिकरण सम्वन्धी कार्यक्रमहरू प्रभावकारी हुन सकेका छैनन् । द्वन्द्वको समयमा कब्जा गरिएका सम्पत्तीहरू फिर्ता भईसकेको भनिए पनि नेकपा (माओवादी) का कार्यकर्ताहरूबाट जग्गाधनीको इच्छाविपरीत तत्कालिन जनअदालत र जनसरकारबाट भएका घरजग्गा लगायतका सम्पत्तिको हस्तान्तरण तथा नामसारीलाई बैधता दिने गरी कार्यहरू भईरहेको जानकारी सार्वजनिक भएका छन् । राज्यका निकायहरू भन्दा बाहिर भएका त्यस्ता कार्यहरूलाई अमान्य गरि न्याय प्रदान गर्न दीर्घकालिन शान्ति तथा मेलमिलापको बातावरण सिर्जना गर्नु पर्दछ ।

मानव अधिकार हनन्का घटनाहरूमा सत्यतथ्य पता लगाई पीडितलाई न्याय र परिपूरण दिँदै समाजमा मेलमिलापको वातावरण सृजना गर्ने प्रतिवद्धता व्यक्त गरिए तापनि सो अनुरूप सशस्त्र द्वन्द्वको क्रममा भएका हत्या, अङ्गभङ्ग, वलपूर्वक बेपत्ता, अपहरण, यातना तथा कुटपिट, यौन हिंसा, सम्पत्ति कब्जा, बलपूर्वक विस्थापन लगायतका घटनाहरूबाट पीडित व्यक्तिहरूले लामो समयसम्म पनि न्याय एवम् परिपूरण प्राप्त गर्ने सवालले मुर्त स्वरूप पाउन सकेको छैन। सङ्क्रमणकालीन न्यायका संयन्त्रको कार्यभार सत्यतथ्य पत्ता लगाउने मात्र नभई पीडितलाई न्याय र परिपूरणका साथै समाजमा मेलमिलापको बातावरण समेत सिर्जना गर्नु भएपनि त्यस्ता कार्यहरू प्रभावकारी हुन सकिरहेका छैनन् । सशस्त्र द्वन्द्वका क्रममा तत्कालीन ने.क.पा. (माओवादी) का कार्यकताहरूबाट मारिएका गोरखाका कृष्णप्रसाद अधिकारीको हत्याको घटनामा न्यायको माग गरी अनसनमा बसेका मृतकका बाबु नन्दप्रसाद अधिकारीको २०७१ असोज ६ गते मृत्यु भएकोमा अझै सम्म अन्तिम संस्कार हुन सकेको छैन ।

## ग) दण्डहीनता

सशस्त्र द्वन्द्वको क्रममा घटाइएका जघन्य प्रकृतिका मानव अधिकार उल्लङ्घनका घटनाहरूका दोषीहरूलाई कानूनको दायरामा ल्याई कारवाही गर्ने कार्यमा बिलम्व भईरहँदा एकातर्फ द्वन्द्व पीडितहरूमा नैराश्यता छाएको छ भने अर्कोतर्फ दोषी पहिचान गरी राष्ट्रिय मानव अधिकार आयोगबाट कारवाहीका लागि गरिएका सिफारिश र अदालतबाट आदेशहरूको कार्यान्वयन गर्न देखाइएको उदासिनताले दण्डहीनताले प्रश्रय पाएको देखिन्छ । आयोगका सिफारिसहरू १२.५ प्रतिशत पूर्ण कार्यान्वयन हुनु, सर्वोच्च अदालतको २०७३/२०७४ को प्रतिवेदनमा अदालतबाट भएका आदेश तथा फैसला बमोजिम एक लाख बाह्र हजार एक सय छब्बीस वर्ष सात महिना कैद असूल हुन बाँकी रहेको देखिनुले दण्डहीनताको अवस्थाको गांम्भिर्यतालाई प्रष्ट पार्दछ । मानव अधिकार तथा मानवीय कानून एवम् कानुनको गम्भीर उल्लङ्घन तथा अपराधमा संलग्न व्यक्तिलाई कानुनी दायरामा ल्याउन सकिएको छैन । प्रभावकारी रूपमा अनुसन्धान तथा अभियोजन हुन सकेको छैन ।

यो अवस्था विद्यमान रहँदा न्याय दिन नसकेको र न्यायदिन प्रत्यक्ष वा परोक्ष रूपमा इन्कार गरिएको कार्य दण्डहीनताको अवस्थाका सूचक हुन पुगेका छन् ।

विस्तृत शान्ति सम्झौताले दण्डहीनतालाई प्रश्रय नदिने उदघोष गरेतापनि विभिन्न राजनीतिक दल तथा सङ्गठनहरूले आयोजना गरेका आन्दोलनको क्रममा भएका जघन्य प्रकृतिका घटनाहरू र आन्दोलन नियन्त्रणका लागि सुरक्षा निकायहरूबाट अत्यधिक बल प्रयोगबाट भएका मानव अधिकार उलङ्घनका घटनाहरूका दोषीहरूले पाइरहेको उन्मुक्ति, संघीय तथा प्रदेश संसद र स्थानिय निर्वाचनका समयमा विप्लव नेतृत्वको नेपाल कम्युष्टि पार्टी (माओवादी) ले गराएका बम बिस्फोटनका घटनाहरू, जबर्जस्ती रकम असुली, घरजग्गा कब्जाको निरन्तरता र त्यस्ता घटनाहरूलाई नियन्त्रण गर्ने तथा संलग्न ब्यक्ति र संगठनलाई कानूनको दायरामा ल्याउने कार्यमा भईरहेको उदासीनता, निरन्तररूपमा घटी रहेका फौजदारी अपराधका घटनाहरूमा जाहेरी लिन इन्कार गरिनु, प्रभावकारी अनुसन्धान तथा अभियोजन नगरिनुबाट दण्डहीनताले प्रश्रय पाइरहेको छ । कुनै पनि बहानामा गरिने अपराध तथा मानव अधिकार उलङ्घनका घटनाहरूलाई कानूनको दायराभित्र ल्याई दण्डहीनताको अन्त्य गर्नका लागि राज्य र यसका निकायहरू प्रभावकारी रूपमा सक्रिय भएको पाइएन ।

### घ) बहिर्गमित बालसैन्यका सवालहरू

सशस्त्र द्वन्द्वका क्रममा बालबालिकाहरूलाई जबर्जस्ती युद्धमा सरिक गराउने कार्यहरू भए । विद्यालय जाने उमेरका बालबालिकाहरूलाई राजनीतिक कार्य तथा सशस्त्र द्वन्द्वमा जबर्जस्ती सामेल गराउने कार्यले त्यस्ता बालबालिकाहरूको मानव अधिकार हनन् हुन पुग्यो । आफूले गरेको कार्यको परिणाम थाहा नपाउने र आफ्नो भविष्यका सम्बन्धमा निर्णय गर्ने क्षमता नभएको अवस्थामा उनिहरूलाई द्वन्द्वमा जबरजस्ति सहभागी गराउने कार्यले उनिहरू शिक्षा र स्वास्थ्यको अधिकारबाट त बञ्चित भए नै, त्यसको अतिरिक्त परिवारको माया र स्नेह पाउने अधिकारबाट समेत बञ्चित हुन पुगे । अनमिन (UNMIN) टोलीले योग्यता नपुगेका, उमेर कम भएका र शान्ति सम्झौतापछि बलपूर्वक लडाकु बनाएर शिविरमा जम्मा पारेको भन्दै अयोग्य लडाकुको रूपमा प्रमाणिकरण गरेको थियो । बिस्तृत शान्ति सम्झौता पश्चात लडाकु ब्यवस्थापनका क्रममामा बहिर्गमनमा परेका बालसैन्यहरूका मानव अधिकारका सवालहरू अझै समाधान हुन सकेका छैनन् । विस्तृत शान्ति सम्झौताले यो बिषयलाई स्पष्टरुपले संबोधन गरेन । वेपत्ता पारिएका ब्यक्तिको छानविन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन २०७१ ले पनि यस बारेमा कुनै ब्यबस्था गरेन । देशभरिका २८ मुख्य र सहायक शिविरमा ४ हजार ९ जनालाई अयोग्य लडाकु भन्दै बालसैन्यहरूलाई बहिर्गमन गरिएको थियो । सो अवधिमा अनमिनले १९ हजार ६ सय २ जनालाई भने योग्य रहेको प्रमाणित गरेको थियो ।

सङक्रमणकालीन न्यायका संयन्त्रहरूको कार्यभार तथा जिम्मेवारीमा बहिर्गमित बालसैन्यहरूको बिषयलाई प्रष्टरूपमा समावेश गर्न पर्नेमा सो हुनसकेको छैन । यसबाट उनीहरूको न्याय ओझेलमा पर्न गएको छ । अन्तर्राष्ट्रिय मानवीय कानूनले सशस्त्र फौज वा सशस्त्र समूहमा बालबालिकालाई जबर्जस्ती भर्ना गराउन र युद्धमा भाग लिने कार्यलाई निषेध गरेको छ । बालअधिकार सम्वन्धी अन्तर्राष्ट्रि महासन्धिको धारा ३८ समेत बालबालिकाको युद्धमा गरिने प्रयोगलाई निषेध गरेको छ । नेपाल बालबालिकालाई युद्धमा प्रयोग गर्न नपाईने अन्तर्राष्ट्रिय महासन्धीहरूको पक्षराष्ट्र भई सकेकोले त्यसरी बालबालिकालाई युद्धमा प्रयोग गर्ने पक्षलाई कानूनको दायरामा ल्याउनु पर्नेमा त्यस्तो कार्य पनि हुन सकेको छैन । साथै बहिर्गमित बालसैन्यहरूलाई समाजमा पुनर्स्थापनका लागि शिक्षा, रोजगारी लगायतका विषयमा नतिजामुखी पहल हुन सकेको छैन ।

### ङ) राष्ट्रिय मानव अधिकार आयोगका सिफारिशहरूको कार्यान्वयन

राष्ट्रिय मानवअ अधिकार आयोगमा दर्ता रहेका उजुरीहरू बहुसङ्ख्यक सशस्त्र द्वन्द्वको घटनाहरूसँग सम्वन्धित रहेका छन् । आयोगले सशस्त्र द्वन्द्वका क्रममा भएका मानव अधिकार उलङ्घनका घटनाहरूसम्वन्धी बहुसङ्ख्यक घटनाहरूमा छानविन तथा अनुसन्धान गरी नेपाल सरकारलाई सिफारिश गरेको छ । आयोगले यस क्रममा पीडितलाई न्याय प्रदान गर्न गरिएका उपचारात्मक ८५६ वटा सिफारिश गरेको छ । आव २०७३/२०७४ सम्म ७१ वटा नीतिगत सिफारिश गरेको छ । आयोगले २०५७ सालदेखि २०७४ साल असार मसान्तसम्म गरेका सिफारिश र तिनको कार्यान्वयनको अवस्था हेर्दा १२.५ प्रतिशत पूर्ण कार्यान्वयन, ४८.३ प्रतिशत आंशिक कार्यान्वयन र ३९.२ प्रतिशत विचाराधीन रहेको अवस्था छ । कार्यान्वयन भएका सिफारिसहरू क्षतिपूर्ति उपलब्ध गराउने विषयसँग मात्र सम्बन्धित छन् । मानव अधिकार उल्लङ्घनका घटनामा संलग्नहरूमाथि कानूनी कारबाही र घटनाको अनुसन्धान गरी कानूनी कारबाही गर्नू भनी गरिएका सिफारिशहरूको कार्यान्वयन हुन सकेको छैन ।[३]

## ६) समग्र मानव अधिकारको अवस्था

विस्तृत शान्ति सम्झौता पश्चात पनि विभिन्न आन्दोलन सँगै अपराधिक घटनाहरू समेत भए । त्यस दौरानमा सुरक्षा निकायको तर्फबाट भएको अत्यधिक बलप्रयोगका कारण मानवीय क्षति भए । यस्ता घटनाका दोषीहरूलाई पनि कानूनी कारवाहीको दायरा ल्याउने कार्य हुन सकेको छैन । अपराधिक घटनाहरू बढदो क्रममा रहँदा मानव अधिकारको सम्मान, संरक्षण तथा परिपूर्तिको अवस्था कमजोर रहेको देखिँदै गएको छ ।

विशेष गरी महिला तथा बालिका बिरूद्धका हिंसाका घटनामा कमी आउन सकेको छैन । महिलाहरू माथिका भौतिक आक्रमण र यौजजन्य हिंसाहरूको प्रवृत्ति हेर्दा राज्यका निकायहरूबाट उठाइएका कदमहरू प्रभावकारी हुन नसकेको देखिन्छ । कानून निर्माण हुनु मानव अधिकार संरक्षणको पहिलो कदम भएपनि जब सम्म त्यसको प्रभावकारी कार्यान्वयन हुन सक्दैन, कानूनी संयन्त्रहरू व्यवहारिक बन्न सक्दैनन ।

शिक्षा, स्वास्थ्य तथा उपभोक्ता अधिकार जस्ता विषयहरूमा दैनिकरुपमा समस्या आइरहेका छन । यसको अनुगमन, मूल्याङ्कन, कारवाही तथा नियमन गर्ने संयन्त्रहरूले उपभोक्तालाई अनुभूत हुनेगरी कार्य गरेको भनी देखिने गरी तथ्यगत रूपमा सार्वजनिक भएको पाइएन ।

मानव बेचबिखन बिरूद्ध राष्ट्रिय रूपमा विभिन्न अभियान तथा कार्यक्रमहरू सञ्चालनमा रहेको भए पनि भारतको बाटो प्रयोग गरी भई रहेको मानव तस्करीलाई रोक्न नसकेको र मानव तस्करीका विरूद्ध कार्यान्वयनमा रहेका कार्यक्रमहरू ले आशातित उपलब्धी हासिल गर्न सकेको पाइएन ।

मानव अधिकारको संरक्षण यसका उपभोक्ताहरूबाट देखिने, सुनिने र अनुभूत गर्न सकिने नहुँदासम्म राज्यले आफ्नो दायित्वपूरा गरेको भन्न सकिदैन । राज्यबाट मानव अधिकार तथा नागरिक अधिकारको प्रभावकारी र दिगो संरक्षणका लागि हालका दिनहरूमा गरिएका प्रतिवद्धताहरूलाई सकारात्मकरूममा लिन सकिन्छ । तर यसको प्रभावाकारी कार्यान्वनय हुन सकेको छैन । अपराध नियन्त्रण तथा अनुसन्धानमा देखिने गरेको लापरवाही तथा उत्तरदायित्वमा कमी आएको कारण अपराधिक घटनाहरू बढीरहेका छन भने अधिकांश घटनाहरूमा दोषीलाई कानूनी दायरा भित्र ल्याउन सकिएको पाइएन ।

## ७. विश्लेषण तथा निष्कर्ष

---

[३] प्रतिबेदन लेखन इकाई, रा.मा.अ.आयोग

नेपाल सरकार र तत्कालीन ने.क.पा.(माओवादी) वीच २०६३ साल मंसिर ५ गते भएको विस्तृत शान्ति सम्झौता पश्चात सशस्त्र द्वन्द्वको औपचारिक रूपमा अन्त्य भएको छ। सशस्त्र द्वन्द्वका कारण घटने मानव अधिकार उलंघनका घटनाहरू भएका छैनन।  बिस्तृत शान्ति सम्झौता धेरै जसो कार्यभारहरू पूरा भएका छन। तर पनि सशस्त्र द्वन्द्व सँग सम्बन्धित मानव अधिकारका सवालहरू अझै समाधान हुन सकेका छैनन् । राज्यको नयाँ संरचनाको खाकालाई मुर्तरूप दिन नेपालको संविधान कार्यान्वयनमा छ। विस्तृत शान्ति सम्म्झौतामा व्यवस्था गरिएका मानव अधिकारका अधिकांश सवालहरूलाई संविधानको मौलिक हक अन्तर्गत राखी यसको कार्यान्वनका लागि कानूनहरूको निर्माण गरिएको कार्यलाई सकारात्मक रूपमा लिन सकिन्छ।

सशस्त्र द्वन्द्वमा बलपूर्वक बेपत्ता पारिएका व्यक्तिहरूको अवस्था अझैसम्म पनि सार्वजनिक हुन नसक्नु विस्तृत शान्ति सम्झौता कार्यान्वयनको ठूलोती चुनौती हो । यस्तै सशस्त्र द्वन्द्वको क्रममा मारिएका व्यक्तिहरूका परिवारले अझैसम्म पनि न्यायको अनुभूति गर्न नपाउनु अर्को गम्भीर चुनौती हो। यौनजन्य हिंसा, यातना जस्ता गम्भीर मानव अधिकार उल्लंघनका घटनाहरूको अभिलेखीकरणसमेत नभइरहेको अवस्थाले विस्तृत शान्ति संझौताको पूर्ण कार्यान्वयन हुन नसकेको स्पष्ट हुन आएको छ। सङ्क्रमणकालीन न्यायका लागि गठन भएका २ वटा आयोगहरू प्रति पीडितहरूले असन्तुष्टी जनाउने कार्यले राम्रो सङ्केत दिँदैन।

द्वन्द्व पीडितहरूको सत्यतथ्य जान्न पाउने अधिकारको संरक्षण गरी उनीहरूलाई न्याय र परिपूरणको माध्यमबाट सन्तुष्टि प्रदान गरी मेलमिलाप र संस्थागत सुधारको माध्यमबाट भविष्यमा यस किसिमका घटनाहरूको पुनरावृत्तिहुन नदिने कुराको सुनिश्चितता भएमा मात्र संक्रमणकालीन न्यायको कार्यभार पूरा भई विस्तृत शान्ति सम्झौताको वास्तविक कार्यान्वयन हुने देखिन्छ।

## ८. नेपाल सरकारका लागि सिफारिश तथा सुझावहरू

प्राप्त तथ्यहरूको विश्लेषणको आधारमा निम्न सिफारिश तथा सुझावहरू प्रस्तुत गरिएको छ :

क) दीर्घकालीन शान्ति प्रवर्द्धन र समग्र मानव अधिकारको सम्वोधनका लागि आर्थिक, समाजिक र सांस्कृतिक अधिकारको प्रभावकारी कार्यान्वयन गर्न।

ख) वेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ राष्ट्रिय मानव अधिकार आयोगको सिफारिश, सर्वोच्च अदालतको आदेश, संयुक्त राष्ट्रसंघीय मानव अधिकार उच्चायुक्तको कार्यालयको सुझाव अनुकुल हुनेगरी पीडित र सरोकारवालाहरूसँग विस्तृत छलफल गरी, आवश्यक परामर्श लिइ अन्तर्राष्ट्रिय मापदण्ड अनुकुल संशोधन गर्न।

ग) सशस्त्र द्वन्द्वका समयमा भएका यौनहिंसा तथा सबै किसिमका लैंगिक हिंसाका पीडितहरूको न्यायको अधिकारको सुनिश्चितताका लागि सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को संशोधन मार्फत न्याय, परिपूरण तथा पुनस्थापनाका आवश्यक कार्यक्रमहरू बनाई लागु गर्न। साथै द्वन्द्वको समयमा भएका घटनाहरूका र तत्पश्चात घटेका आपराधिक घटनाहरूको अनुसन्धान तथा अभियोजनामा देखिएका कमजोरीहरू पुनरावृत्ती भईरहेकोले अविलम्व सुधारका उपायहरू अबलम्वन गर्न।

घ) सशस्त्र फौज वा सशस्त्र समूहमा बालबालिकालाई जबर्जस्ती भर्ना गराउन र युद्धमा भाग लिने कार्य निषेध गर्ने सम्वन्धी नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय महासन्धीहरूका व्यवस्थाहरूको प्रभावकारी

कार्यान्वयनका लागि बिगतमा सशस्त्र युद्धमा भएको बालबालिकाको प्रयोगलाई कानूनको दायरा भित्र ल्याउने गरी संक्रमणकालीन न्यायका संरचनाहरू सम्वन्धी कानूनहरूमा संसोधन गर्न ।

ङ) बहिर्गमित बालसैन्यहरूको शिक्षा, रोजगारीलगायत पुनर्स्थापनाको तत्कालीन र दीर्घकालीन योजना बनाई कार्यान्वयन गर्न ।

च) सशस्त्र द्वन्द्वको कारण शारीरिक र मानसिक अपाङ्गता भएका व्यक्तिहरूको पुनर्स्थापना र परिपूरणको लागि विशेष कार्यक्रम बनाई लागू गर्न ।

छ) विद्यमान दण्डहीनताको अवस्था अन्त्य गर्न सशस्त्र द्वन्द्व र सो पछि भएका विभिन्न आन्दोलनका क्रममा भएका जघन्य किसिमका अपराध र मानव अधिकार उल्लंघनमा संलग्न व्यक्तिहरूलाई व्यक्तिगत जवाफदेहिताको आधारमा कानूनी कारवाही गर्न ।

ज) राष्ट्रिय मानव अधिकार आयोगबाट भएका सिफारिश र अदालतबाट भएका आदेश तथा फैसलाहरूको पूर्ण कार्यान्वयन गर्न ।